# ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव दिनेशकुमार घिमिरेबाट भएको निर्णय आदेश

अनुमतिपत्र जारी गर्ने निकाय - ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय

विरुद्ध

वि.वि.वि. ०६८।६९ वि.उ. ६१ को विद्युत उत्पादनको अनुमतिपत्र (थापा खोला जलविद्युत आयोजना)

अनुमतिपत्र प्राप्त गर्ने संस्था - माउन्ट कैलाश इनर्जि कम्पनी प्रा.लि.

विषय — अनुमतिपत्रको शर्त उल्लंघन ।

यसमा, माउन्ट कैलाश कम्पनी प्रा.लि. ले थापा खोला जलविद्युत आयोजनाका लागि प्राप्त गरेको वि.वि.वि. ०६८।६९ वि.उ. ६१ को विद्युत उत्पादनको अनुमतिपत्रको शर्त नं. ७ को (ध) मा उल्लेखित शर्त विपरित कम्पनीको स्वामित्व संरचना परिवर्तन गरेको सम्बन्धमा विद्युत विकास विभागबाट माउन्ट कैलाश कम्पनी प्रा.लि.संग स्पष्टिकरण माग भएकोमा उक्त प्रा.लि.ले २०७२ सालमा गएको भुकम्प, इन्धन तथा निर्माण सामाग्रीमा भएको मुल्य बृद्धिका कारण निर्माण लागत बढ्न गएकोले पुँजी बृद्धि गरिएको र प्रा.लि.बाट लिमिटेडमा परिवर्तन गरिएको, विभागलाई उक्त कुराको जानकारी गर्ने समय अघि हुनु पर्नेमा विविध कारणले पछि हुन गएको स्पष्टिकरण पेश गरेको रहेछ । उक्त प्रा.लि. ले स्पष्टिकरण पेश गर्दा विद्युत विकास विभागलाई पुर्व जानकारी नगरी कम्पनीको पुँजी बृद्धि गरेको र प्रा.लि. बाट लिमिटेडमा परिवर्तन गरेको कुरालाई स्वीकार गरेको छ । उक्त कम्पनीको पुँजीबृद्धि भएको र पब्लिक लिमिटेड कम्पनीमा दर्ता भएको कम्पनी रजिष्ट्रारको कार्यालयको पत्रको प्रतिलिपिबाट देखिन्छ ।अत: माउन्ट कैलाश इनर्जि कम्पनी प्रा.लि. ले विद्युत उत्पादन को अनुमतिपत्रको शर्त नं. ७ को (ध) मा उल्लेखित शर्त बमोजिम कम्पनीको स्वामित्व संरचना परिवर्तन गर्दा विद्युत विकास विभागको पुर्व स्वीकृति लिनु पर्नेमा पुर्व स्विकृति नलिइ कम्पनीको शेयर स्वामित्व परिवर्तन गरी विद्युत ऐन, २०४९ को दफा ३८ को उपदफा (२) बमोजिम कसुर गरेको देखिएकोले ऐ. ऐनको दफा ३८ बमोजिम उक्त माउन्ट कैलाश कम्पनी प्रा.लि.लाई रु.५,००,०००।- (पाँच लाख रुपैया) जरिवाना गरिदिएको छु ।अरु तपशिल बमोजिम गर्नु ।

तपशिल

१. माउन्ट कैलाश कम्पनी प्रा.लि.बाट निर्णय बमोजिम जरिवाना असुल गर्न फायल विद्युत विकास विभागमा पठाउनु ।
२. निर्णयको जानकारी सरोकारवालाले कानून बमोजिम माग गरेमा दिनु ।

दिनेशकुमार घिमिरे
(सचिव)

इति सम्वत् २०७६ साल भाद्र ४ गते रोज ४ शुभम् ------------------------------------------------------------ ।